सर्लाहीमा युरिया मलको अभाव, समस्यामा किसान

■ क्षितिज विश्वकर्मा

लालबन्दी । पूर्व-पश्चिम राजमार्गबाट उत्तर लालबन्दी-१६ भोर्लेनीकी जानुका पाठक यतिबेला मकै बालीमा हाल्ने युरिया मलको खोजिमा छन् । मलका लागि पटकपटक सहकारीमा धाइरहेकी उनले मल नआएको जबाफबाहेक केही पाएकी छैनन् ।

उनीजस्तै लालबन्दी-१५ चिसापानीका ललितबहादुर विश्वकर्मा पनि मलको खोजीमा छन् । केही दिनअघि मात्रै गोडमेल गरिएको मकैमा युरिया हाल्ने बेला भए पनि मल नपाइएको उनको गुनासो छ ।

यतिबेला यहाँका सबैजसो किसानहरू मलको अभाव झेलिरहेका छन् । लालबन्दी नगरपालिका कृषि शाखाका प्रमुख गोकर्ण पौडेलले युरिया र डिएपी मलको अभाव रहेको बताए । कृषि सामग्री कम्पनीको वीरगन्ज प्रादेशिक कार्यालयबाट मल नआउँदा किसानहरूलाई समस्या भएको उनको भनाइ छ । यो महिनाको अन्तिमतिर मल आउने खबर आफूले पाएको पौडेलले बताए ।

कृषि सामग्री कम्पनीको वीरगन्ज प्रादेशिक कार्यालयले मधेस, बागमती र गण्डकी प्रदेशका विभिन्न १७ जिल्लामा रासायनिक मल ढुवानीको जिम्मेवारी पाएको छ । कृषि सामग्री कम्पनी लिमिटेड नवलपुर सर्लाहीका प्रमुख ध्रुव साहले युरिया र डिएपी दुवै मलको माग उच्च रहेको तर कार्यालयसँग मल नै नरहेको बताए ।

उनका अनुसार डिएपी मल अहिले धमाधम आउन थालेको भए पनि युरिया मल कहिलेसम्म आउँछ भन्ने टुंगो छैन ।

कृषि सामग्री कम्पनी वीरगन्ज प्रादेशिक कार्यालयका प्रमुख दुर्गाप्रसाद पाण्डेले कार्यालयमा डिएपी र युरिया मल धमाधम प्राप्त भएकाले जिल्लाहरूमा ढुवानीको तयारी भइरहेको बताए । केही जिल्लामा डिएपी ढुवानी भइरहेको र युरिया पनि १-२ दिनभित्रै ढुवानी हुने पाण्डेको भनाइ छ ।

मधेस प्रदेशमा कुन जिल्लामा कति मल पठाउने भन्ने निर्णय प्रदेश सरकारले गर्छ । प्रदेश सरकारले मलको कोटा तोक्न बाँकी नै रहेकाले किसानले तत्कालै मल पाउने अवस्था छैन ।

कृषि सामग्री कम्पनीले सहकारी संस्थामार्फत किसानलाई रासायनिक मल वितरण गर्दै आइरहेको छ । मकै खेती धेरै हुने उत्तरी भेगका सहकारी संस्थामा अहिले मलखादको गोदाम नै रित्तिएको नबिन खड्काले बताए ।

हाई अल्टिच्युड तालिममा २४ राष्ट्रका ३३८ जना दीक्षित

■ सौर्य समाचार

मुस्ताङ । जिल्लाको घरपझोङ गाउँपालिका-५ स्थित कैसाङमा रहेको सैनिक उच्चशिखर शिक्षालयमार्फत हालसम्म 'हाई अल्टिच्युड तथा माउन्टेन वारफायर' सम्बन्धी तालिम लिएका नेपालसहित २४ राष्ट्रका ३३८ सैनिक शिक्षार्थी दीक्षित भएका छन् ।

मुस्ताङमा बर्सेनि हाई अल्टिच्युड तथा माउन्टेन वारफायरसम्बन्धी आधारभूत तथा एडभान्स तालिम सञ्चालन हुने गरेको सैनिक जनसम्पर्क निर्देशानालय काठमाडौँले जनाएको छ । मुस्ताङमा हाई अल्टिच्युड तथा माउन्टेन वारफायर तालिम सञ्चालनका लागि नेपाली सेनाको जंगी अड्डाले २०३२ सालमा सैनिक उच्च शिखर शिक्षालय स्थापना गरेको थियो । स्थापनाको ५०औँ वर्ष पूरा गरिसक्दा नेपालसहित विभिन्न राष्ट्रका करिब ७ हजार जनाले आधारभूत तालिम प्राप्त गरिसकेको र २ हजार ५०० जनाले हाइ अल्टिच्युड तथा माउन्टेन वारफायरसम्बन्धी एडभान्स तालिम प्राप्त गरिसकेको सैनिक जनसम्पर्क निर्देशनालयका प्रवक्ता राजाराम बस्नेतले जानकारी दिए ।

नेपाली सेनाअन्तर्गत सैनिक उच्चशिखर शिक्षालय मुस्ताङबाट एडभान्स तालिम प्राप्त गरेका शिक्षार्थीमध्ये ५१ जनाले ८ हजार मिटरभन्दा माथिको हिमाल आरोहरण गरिसकेका छन् । प्रवक्ता बस्नेतका अनुसार मुस्ताङबाट हाई अल्टिच्युड तथा माउन्टेन वारफायर तालिम कोर्स पूरा गरेका शिक्षार्थीमध्ये हालसम्म २९ जनाले सगरमाथा हिमालको आरोहण गरिसकेका छन् ।

मुस्ताङमा एडभान्स तालिम कोर्सबाट दीक्षित शिक्षार्थीलाई हिमाल आरोहणका

लागि उत्पादन गर्ने गरिएको छ ।

नेपाली सेनाले बर्सेनि यस प्रकारको आधारभूत तथा एडभान्स तालिम सञ्चालन गर्ने गरेको छ । यसप्रकारको आधार भूत तालिम कोर्स ४-५ महिनासम्म हुने र एडभान्स तालिम आवश्यकता तथा औचित्यताका आधारमा निर्धारण हुने सैनिक प्रवक्ता बस्नेतले बताए । नेपाली सेनाले पर्वतीय क्षेत्रअन्तर्गत मुस्ताङमा समुन्द्री सतहको २ हजार ५०० मिटरको उचाइदेखि ५ हजार ५०० मिटरको उचाइमा हाइ अल्टिच्युड आधार भूत तथा एडभान्स तालिम सञ्चालन गर्ने गरेको छ ।

हिमाली तथा उच्चपहाडी युद्धकला, चट्टान कला, हिमकला, रिभर कलालगायत सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यास तालिम दिइने गरिएको छ । नेपाली सेनाले तालिम अवधिमा वातावरण प्रदूषण घटाउन तथा जलवायु संकट न्यूनीकरण गर्ने उद्देश्यले हिमाल तथा पर्वतीय क्षेत्रमा भएका फोहोरमैलाको समेत व्यवस्थापन गर्ने गरेको छ । नेपाली सेनाले बर्सेनि सफा हिमाल अभियान सञ्चालन गर्ने गरेको छ ।

नेपाली सेनाअन्तर्गत सैनिक उच्च शिखर शिक्षालय मुस्ताङले बर्सेनि आधारभूत तालिम समापन भएलगत्तै एडभान्स तालिम सञ्चालन गर्ने गरेको छ । यसप्रकारको एडभान्स तालिममा नेपाली सेनाका शिक्षार्थीसहित विभिन्न मुलुकका शिक्षार्थी सहभागी हुने गरेका छन् । यसै प्रयोजनका लागि मुस्ताङमा ११ जेठदेखि सेनाको हाई अल्टिच्युड तथा माउन्टेन वारफायर तालिम कोर्स सञ्चालन भएको नेपाली सेनाले जनाएको छ । तालिममा देशभरका करिब १४० भन्दा बढी सैनिक शिक्षार्थी सहभागी भएका छन् । सोमबार जोमसोमस्थित कालीगण्डकी नदीमा बन्दोबस्तीका सामान प्रयोग गरी शिक्षार्थीलाई रिभर क्रसिङका विभिन्न विधाको अभ्यास प्रशिक्षण गराइएको थियो ।

"विद्यार्थी समर्पित शिक्षक, चेतनशील अभिभावक गुयास्तरीय शिक्षा"

श्री अन्नपूर्ण वागधन रणदीपा राई माध्यमिक विद्यालय

टेम्केमैयुङ ३ दिल्पा, भोजपुर

स्था : २०१०

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२।०२।२७

यस विद्यालयबाट मिति २०८२।०२।०६ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम यस विद्यालयमा संचालित नमुना विद्यालय विकास कार्यक्रमको भवन निर्माण कार्यको शिलबन्दी दरभाउपत्र आव्हान गर्ने सम्बन्धी प्रकाशित सूचना बमोजिम निर्धारीत समय भित्र दर्ता हुन आएका दरभाउपत्रदाताहरुको मूल्याङ्न गर्दा सारभूत रुपमा प्रभावग्राही भएका देहायका दरभाउपत्रदाताले न्यूनतम रकम बोल कबोल गरेको पाइएकोले सो दरभाउपत्र स्वीकृतिको लागि मूल्याङ्न समितिको मिति २०८२।०२।२६ गतेको निर्णय अनुसार छनौट भएको हुदा सार्वजानिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र दफा ७४ को प्रयोजनार्थ दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना सम्वन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपशिल :

क्र.स	ठेक्का नं.	कामको विवरण	स्वीकृतिका लागि सिफारिस दरभाउपत्रदाताको नाम र ठेगाना	दरभाउपत्रदाताको कबोल अंक रु.(भ्याट समेत)
१	02/TRM/ABRR/ BLD/081/082	Infrastructure Development for Annapurna Bagdhan Ranadeepa Rai Ma.Vi. Model School Programme (Package II)	सिप्तुङ विल्डर्स एण्ड सप्लायर्स प्रा.लि., भोजपुर नगरपालिका ०६, भोजपुर	११,५०,१५६।२६

प्रधानाध्यापक

Bagamati Province Government

Ministry of Labor, Employment and Transport

Hetauda, Makawanpur

Notice for Financial bid opening

Date of Publication: 10th June 2025

As per our Invitation for Bids project The Procurement of Supply and Delivery of Traffic Instruments (Contract ID No.-MOLET/NCB/GOODS/2081-082/05), this is to notify that following bidders have been successfully selected and eligible for financial propose/ bid opening. Hence it is to inform all the concerned parties here by to attend the financial bid opening that will be at 2.00 hours on 16th June, 2025.

S.N.	Contract Identification Number	Description of Project	Name of Successful Firm/Company
1	MOLET/NCB/GOODS/2081-082/05	The Procurement of Supply and Delivery of Traffic Instruments	Synergy IT Solutions PVT. LTD. New Baneshwor, Kathmandu

Bagamati Province Government

Ministry of Water Supply, Energy and Irrigation

Water Resources and Irrigation Development Division, Lalitpur

Invitation for e-bids

Date of Publication : 10 June, 2025 (2082/02/27)

Competitive Bidding Procedures.

S. N.	Contract No.	Description of Project & works	Average Annual Turnover Nrs	Similar Size & Nature Nrs.	Fee for bid document (NRs.)	Bid Security Amount Nrs.	Remarks
1.	ISIP/WRIDD/ Lalitpur/ 081-82/NCB-01	Construction of canal and canal related structure of Tada ISP,Godawari Na.Pa 11 & 12 Lalitpur	23.63 million	9.45 million	3,000.00	2,70,000.00	Single Stage Two envelope

1. A Pre-bid Meeting shall be held at WRIDD-Lalitpur on 30th **June 2025 at 2:00 hrs**. E-bids must be submitted on or before **10th July, 2025 at 12:00 hrs.** and e-bids will be opened on **10th July, 2025 at 12:30 hrs.** in the presence of bidders' representatives who chose to attend.
2. Bidders may download the bidding documents and submit their bids electronically through e-procurement at **www.bolpatra.gov.np/egp** PPMO's portals specified in the bidding data sheet. Bidders should deposit the equivalent fee for bidding document in the respective **Revenue Account Number** 27202000001001000001, **Rajaswa Heading No-** 14229, **Office Code No.** 3130134013 (of WRIDD-Lalitpur) in Nepal Bank Limited, Gabahal, Lalitpur.
3. Further detail regarding the notice of Invitation for Bids, interested bidders are requested to visit the notice board of Water Resources and Irrigation Development Division Lalitpur or the e-gp portal **www.bolpatra.gov.np/egp.**
4. Other things not included in bidding documents will be as per PPA 2063 and PPR 2064 and ADB Procurement Guidelines. Theemployer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning reason whatsoever.

Division Chief

Bagamati Province Government

Ministry of Labor, Employment and Transport

Hetauda, Makawanpur

Letter of Intent (LOI)

Date of Publication: 10th June 2025

This is notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders that, we are going to award following contracts to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

S.N.	Contract Identification Number	Description of Project	Substantially Responsive Lowest Evaluated Bidders	Bid Amount Including VAT & PS (NRs.)
1	MOLET/online-exam/ 01/TM-01/2081-82	Development and Implementation of an Online Examination System for Licensing	Service Towards Technology Nepal Pvt. Ltd.	52,48,850/-
2	MOLET/NCB/GO ODS/2081-082/06	The Procurement of Supply, Delivery, Installation, Testing and Commissioning of 80 kW EV Fast charger	Fair Auto Industries Pvt. Ltd.-Eastern Electrical Enterprises J/V	4,14,25,800/-

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना २७ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय राजीपुरबाट तपशिलमा उल्लेखित ऋणीले सहुलियत अधिविकर्ष कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औँ दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

तपशिल

ऋणीको विवरण

नाम : **जी यस कृषी पोल्ट्री फर्म एण्ड न्यु किसान ट्रेडर्स, सप्लायर्स** प्रमाण पत्र नं. : ०७
दर्ता मिति : २०७७/०४/३० दर्ता गर्ने कार्यालय : गौरीगंगा न.पा. ८ नं. वडा कार्यालय
नाम : जी यस कृषी पोल्ट्री फर्म प्रमाण पत्र नं. : १४ दर्ता मिति : २०७६/०१/१९
दर्ता गर्ने कार्यालय : गौरीगंगा न.पा. ५ नं. वडा कार्यालय व्यवसायीको नाम : मनोज ताम्राकार
स्थायी लेखा नं. : ६१०६१२५३२ रजिष्टर्ड ठेगाना : कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ५

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) पदम बहादुर टमोटाको नाति गणेश ताम्राकारको छोरा डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ६ हाल, कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ८ बस्ने **मनोज ताम्राकार** (ना.प्र.नं. : ७४-०१-७५-०१८९३ जारी मिति र जिल्ला : २०७४/०८/२४, डडेल्धुरा)

२) भिम बहादुर ताम्राकारको छोरी गणेश ताम्राकारको बुहारी मनोज ताम्राकारको पत्नी कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ५ हाल, वडा नं. ८ बस्ने **सावित्री ताम्राकार** (ना.प्र.नं. : ६७ -०१-७५-११५४४ जारी मिति र जिल्ला : २०७५/१२/२५, कैलाली)

३) चन्द्रभान टमोटाको नाति पदम बहादुर टमोटाको छोरा डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ६ हाल, कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ८ बस्ने **गणेश ताम्राकार** (ना.प्र.नं. : १६५९/१०६१४ जारी मिति र जिल्ला : २०५१/०७/१४, डडेल्धुरा)

४) पदम बहादुर टमोटाको बुहारी गणेश बहादुर टमोटाको पत्नी डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ६ हाल, कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ८ बस्ने **सुसिला देवी टमोटा** (ना.प्र.नं. : ७४-०१-७०-०००८१ जारी मिति र जिल्ला : २०७०/०१/१०, डडेल्धुरा)

५) पदम बहादुर टमोटाको नाति गणेश बहादुर टमोटाको छोरा डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ६ हाल, कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ८ बस्ने **भरत ताम्राकार** (ना.प्र.नं. : ७४-०१-७०-०१६६२ जारी मिति र जिल्ला : २०७०/०९/०७, डडेल्धुरा)

यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :

१) मिति २०८०/०५/१९ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

२) मिति २०८२/०१/३१ को मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

धितोधनीको नाम	धितोको ठेगाना	सिट नं.	कित्ता नं.	क्षेत्रफल (व.मि.)
गणेश ताम्राकार	कैलाली जिल्ला मसुरिया वडा नं. ४	०२७/०७०८	१३६९	९००.००
	कैलाली जिल्ला मसुरिया वडा नं. ५	०२७/०७०८	१३७०	८७०.००

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२/०३/१० गते मंगलबार भित्र यस बैकको शाखा कार्यालय राजीपुर आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०३/११ गते बुधबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय राजीपुरमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.

MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ